# लम्कीचुहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
## ७ नं. प्रदेश नेपाल

# पार्श्वचित्र निर्माणका लागि आशयपत्र आह्वानसम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७५/०७/२०)

लम्कीचुहा नगपालिकाको स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिकाको पार्श्वचित्र निर्माणका लागि सम्बन्धित विषयगत क्षेत्रमा अनुभव भएका ईच्छुक पेशागत दक्षता तथा अनुभव भएका व्यावसायिक फर्म/परामर्शदाता संस्थाबाट देहायअनुसार तोकिएको ढाँचामा आशयपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. आशयपत्रको ढाँचा यस कार्यालयबाट संकलन गर्न सकिनेछ। थप जानकारीको लागि यस कार्यालयको योजना शाखामा सम्पर्क गर्न सकिनेछ।

२. ईच्छुक योग्यता पुगेका संस्थाले तोकिएको ढाँचामा निम्नानुसारको कागजात सहित आशयपत्र पेश गर्नुपर्नेछ।
- आशयपत्र पेश सम्बन्धी निवेदन।
- संस्थाको विस्तृत विवरण।
- संस्थाको कानुनी (दर्ता,नविकरण,भ्याट पान दर्ता, कर चुक्ता) प्रमाण पत्र।
- संस्थाको प्रोफाईल तथा कामको अनुभव विवरण।
- संस्थाको भौतिक पूर्वाधार र उपकरणको विवरण।
- संस्थाको विगत पछिल्लो ३ (तिन) वर्षको वित्तिय कारोवार सम्बन्धी विवरण।
- संस्था कालो सूचीमा नपरेको स्व घोषीत पत्र।
- एकल परामर्श दाताको हकमा विगत ३ वर्षको र २ वा २ भन्दा बढी फर्म वा कम्पनीहरूले समुह संगठन वा संयुक्त उपक्रमको रुपमा परामर्श दिनेको हकमा विगत ५ वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण तथा निजको वैयक्तिक विवरण।
- संस्थाको प्रमुख कर्मचारी तथा आवद्ध पेशागत विज्ञहरूको व्यक्तिगत विवरण (CV) तथा कार्य अनुभवको क्षेत्र।

३. ईच्छुक आवेदक संस्थाले आशयपत्र सम्बन्धी कागजात विस्तृत अध्ययन गरी उल्लेखित विवरणहरू भरी आवश्यक कागजात संलग्न गरी सिलवन्दी गरि खामको बाहिर नाम, ठेगाना, फोन नं. र विषय उल्लेख गरि यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट पेश गर्न सकिनेछ। म्याद र समय भित्र दर्ता हुन आएको आशयपत्र सोही दिनको २:०० बजे लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रतिनिधीहरूको रोहबरमा खोलिनेछ। आशयपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि आशयपत्र खोल्न कुनै बाधा पर्नेछैन।

५. म्याद नाघी आएका तथा रित नपुगेका आशयपत्र स्वीकार गरिनेछैन।

६. आवेदक संस्थाको आधिकारीक कागजात कार्य अनुभव र आर्थिक , भौतिक तथा मानवीय संसाधनको अवस्थालई आधार मानी संक्षिप्त सूची तयार गरिनेछ ।

७. आशयपत्र मुल्यांकनका आधारमा आवेदक संस्थाहरूको संक्षिप्त सूची तयार गरि मुल्यांकनको माथिल्लो श्रेणीमा रहेका कम्तीमा ३ देखि ६ वटा संस्थाहरूलाई मात्र प्राविधिक तथा आर्थिक प्रस्तावको लागि आमन्त्रण गरिनेछ।

८. आशयपत्र एकल वा संयुक्त रुपमा समेत पेश गर्न सकिनेछ। संयुक्त उपक्रमको रुपमा आशयपत्र पेश गर्न ईच्छुक आवेदकले आशयपत्र पेश गर्दा मुख्य भई कार्य गर्ने प्रमुख संस्था खुलेको विवरण तथा संयुक्त उपक्रमको रुपमा कार्य गर्ने सम्बन्धी सम्झौताको प्रतिलिपि समेत पेश गर्न सकिनेछ।

९. यस आशयपत्र आह्वान सम्बन्धी सूचनामा उल्लेख गर्न छुट भएका कुराहरू सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली (संशोधन सहित), २०६४ बमोजिम हुनेछन।

फोन नं. ०९१-४१९०१५
फयाक्स नं. ०९१-४१९०९४
ईमेल : lamkicm@gmail.com